नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# केन्द्रीय पञ्जीकरण विभाग

पुल्चोक, ललितपुर, काठमाडौं

पत्र संख्या: २०७३।०७४
चलानी नम्बर: १३२

फो.नं. ०१४२३३८७९
फयाक्स : ०१४२५८२४०
मिति : २०७३/०५/३१

**विषय : अख्तियारी रकम खर्च गर्ने सम्बन्धी थप निर्देशन ।**

श्री जिल्ला विकास समितिको कार्यालय, सबै ।
श्री काठमाडौं महानगरपालिका कार्यालय, काठमाडौं ।
श्री उप-महानगरपालिका कार्यालय, सबै ।
श्री नगरपालिका कार्यालय, सबै ।

यस विभागबाट पठाइएको खर्च शिर्षक नं. २७११ सामाजिक सुरक्षा सशर्तको अख्तियारी अनुसारको रकम प्रचलित आर्थिक नियमका अतिरिक्त देहाय बमोजिमको शर्त अनुसार खर्च गर्न/गराउन हुन अनुरोध छ ।

१) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को पूर्ण पालना गर्ने ।

२) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि; २०७२ अनुसार देहाय बमोजिमका लाभग्राहीहरुलाई देहायका दरले भत्ता वितरण गर्ने ,
   क) जेष्ठ नागरिक मासिक रु. १०००/-
   ख) एकल/विधवा मासिक रु. १०००/-
   ग) पूर्ण अपाङ्गता मासिक रु. २०००/-
   घ) अति अशक्त अपाङ्गता मासिक रु. ६००/-
   ङ) लोपोन्मुख आदिवासी/जनजाति मासिक रु. २०००/-
   च) कर्णाली तथा दलित बालबालिका मासिक रु. ४००/-
   छ) २०७३ आषाढ मसान्तमा ७० वर्ष पूरा भएका जेष्ठ नागरिक उपचार खर्च मासिक रु. १०००/-

३) बैंकिङ्ग सुविधा भएका गाउँ/नगर क्षेत्रमा अनिवार्य रुपमा लाभग्राहीको बैंक खाता मार्फत भत्ता वितरण गर्ने । बैंक मार्फत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद ७ अनुसार गर्ने ।

४) MIS बाट प्राप्त हुने लाभग्राहीको विशेष नम्बरलाई निजको परिचयपत्र नं. कायम गर्ने ।

५) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को अनुसूची ८ को ढाँचामा प्रत्येक चौमासिक अवधि समाप्त भएको १५ दिन भित्र विभागमा आइपुग्ने गरी प्रगति विवरण पठाउने ।

६) जन्म भएको मितिले ३५ दिन भित्र बालबालिकाको जन्म दर्ता गर्ने कर्णाली र दलित अभिभावकलाई प्रति बालबालिका जन्म दर्ता प्रोत्साहन भत्ता रु. १०००/- यसैबाट प्रदान गरी घटना दर्ताको मासिक प्रतिवेदन सँगै वितरण गरेको रकम समेत खुलाई पठाउने ।

७) MIS Data Entry नभएका जि.वि.स/न.पा हरुले अनिवार्य रुपमा प्रथम चौमासिक भित्रै कार्य सम्पन्न गरि सकेको हुनुपर्नेछ ।

**बोधार्थ**

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार काठमाण्डौ ।

श्री महालेखा परीक्षकको कार्यालय, स्थानीय विकास निर्देशनालय, काठमाण्डौ ।

श्री महालेखा नियन्त्रक कार्यालय,वजेट कार्यान्वयन शाखा, काठमाण्डौ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।

२०७३/५/३१

अनिल कुमार ठाकुर
(महानिर्देशक)